आज मिति २०७२ फागुन ९ गते आइतबारका दिन मेचीनगर नगरपालिका कार्यालयका कार्यकारी अधिकृत तथा नगरप्रमुख श्री पशुपति खतिवडाज्यूको अध्यक्षतामा नगरपालिकाको बोर्ड बैठक निम्न उपस्थितिमा बस्यो ।

उपस्थिति

| | |
|---|---|
| कार्यकारी अधिकृत तथा नगरप्रमुख | श्री पशुपति खतिवडा |
| आमन्त्रित | |
| इन्जीनियर | श्री कमल प्रसाद कोइराला |
| Individual Consultant | श्री प्रदिम्न पोखेल |
| नायब सुब्बा | श्री लक्ष्मी राई |

**निर्णय नं. १** मे.न.पा. १० स्थित नगरपालिका प्रवेशद्वार सौन्दर्यकरण गर्ने कार्यका लागि नियुक्त निर्माण व्यवसायीबाट Variation स्वीकृति प्राप्त समयमा नहुनु, सम्झौता बमोजिम स्वीकृत नक्शामा आएको परिवर्तन र देशव्यापी आन्दोलनको कारणले प्रथम पटक थप गरिएको म्यादमा सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गर्न नसकिएको र दोश्रो पटक थप चार महिनाको समय थपको निवेदन दिएकोमा उक्त निवेदन उपर छलफल गर्न मिति २०७२/११/४ गते निर्माण व्यवसायी संयुक्त बैठक बसी छलफल भई सो छलफलबाट भएको समय-थपको सिफारिस आधारमा पछिल्लो समयमा देशको स्थिती, ईन्धन अभाव तथा निर्माण सामाग्रीको उत्पादन तथा ढुवानी गर्ने विषयमा नै समस्या भएको हुदाँ पहिलो पटक उपलब्ध गराईएको थप समयमा समेत निर्माण व्यवसायीद्धारा निर्माण सम्पन्न गर्न नसकेको व्यहोरा स्वभाविक देखिएकोले थप आर्थिक दायित्व नपर्ने गरी निजलाई ४ मार्च २०१६ देखि २४ जुन २०१६ सम्मको समय थप गर्न सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०५६ को नियम १२८ बमोजिम दोश्रो पटक समय थप गर्न स्वभाविक देखिएकोले PCO मा No Objection का लागि सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** Gate Beautification Project कोड UGDP/MECH/W/NCB-6.01 को BOQ Item number B.03.07 मा उल्लेख भएको विवरण 25 mm thick telia brick cladding on wall with 1:2 surki mortar and pointing with cement sand mortar all complete मा उल्लेख भएको कार्यको लागि स्थानीय बजामा २५ मी.मी. मोटाइको टेलिया ब्रिक उपलब्ध नभएको र ११ मी.मी.को मेशीन मेड टेलिया ब्रिक टायल उपलब्ध हुने भएकोले २५ मी.मी. टेलिया ब्रिक टायलको सट्टामा ११ मी.मी.को Machine made टेलिया ब्रिक टायल 1:2 Cement mortar मा लगाउने र उक्त कार्य गरे बापत निर्माण व्यावसायीलाई निजले उल्लेख गरेको Rate ३५०० लाई मोटाइका आधारमा ३५०० ÷ ०.२५ X ०.११ = १५४० (एक हजार पाँचसय चालिस मात्र) प्रति वर्गमिटरका दरले भुक्तानी हुनेगरी कार्यअगाडी बढाउन PCO मा No Objection का लागि अनुरोध गरी पठाउने निर्णय गरियो ।

श्री सूचना ईकाई